# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३ संख्या : ८ मितिः २०८१/१०/१४**

## भाग - २

# टीकापुर नगरपालिकाको लेखा समिति कार्यसञ्चालन नियामावली, २०८१

नगर सभाबाट स्वीकृत मिति : २०८१/०९/२८
प्रमाणित मिति :२०८१/१०/११

**प्रस्तावना :**

टीकापुर नगरपालिकाको वित्तीय अनुशासन र पारदर्शिता गर्न तथा सीमित स्रोत र साधनको प्रभावकारी उपयोगको सुनिश्चितताका लागि कानुनी प्रबन्ध गर्नु वाञ्छनीय भएकोले टीकापुर नगरपालिकाको एघारौं नगरसभा मिति २०७९ असार १० को निर्णय नं. ४ (ख) बाट गठित लेखा समितिको कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ र सुदूरपश्चिम प्रदेश सभाबाट जारी गाउँ सभा र नगर सभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० बमोजिम टीकापुर नगरपालिकाको १६ औं नगरसभाको निर्णयबाट यो नियमावली जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियामावलीको नाम टीकापुर नगरपालिकाको लेखा समिति कार्य सञ्चालन नियमावली २०८१ रहेको छ ।

(२) यो नियमावली नगर सभाबाट स्वीकृत भएपछि तुरुन्तै लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,–

(क) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश सभाबाट जारी गाउँ र नगरसभा (कार्य सञ्चालन) ऐन, २०७५ भन्ने सम्झनुपर्छ ।

(ख) "नगरसभा" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको टीकापुर नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले टीकापुर नगरपालिकाको नगरसभाका अध्यक्ष सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले टीकापुर नगरपालिकाको नगरसभाबाट गठित लेखा समिति सम्झनुपर्छ ।

(ङ) "संयोजक" भन्नाले लेखा समितिको संयोजक सम्झनुपर्छ ।

(च) "सदस्य" भन्नाले लेखा समितिको सदस्य सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले टीकापुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ज) "सदस्य सचिव" भन्नाले लेखा समितिको काम गर्नका लागि तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(झ) "कार्यालय" भन्नाले टीकापुर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टीकापुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) "विषयगत समिति" भन्नाले टीकापुर नगर कार्यपालिका अन्तर्गत गठित विषयगत समिति सम्झनु पर्दछ ।

(ठ) "शाखा" भन्नाले टीकापुर नगरपालिकाका विभिन्न विषयगत शाखा सम्झनुपर्छ ।

**३. नियमावलीको उद्देश्य :**

यस नियमावलीको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) टीकापुर नगरपालिकाको वित्तीय उत्तरदायित्व र पारदर्शिता प्रबर्द्धन गर्नु,

(ख) सार्वजनिक स्रोत परिचालन, राजश्व संकलन र उपयोगलाई नियमित, व्यवस्थित र प्रभाकारी बनाउनु,

(ग) नगर कार्यपालिका मार्फत भए गरेका कार्य तथा सो सम्बन्धी आर्थिक प्रतिवेदनमा स्वतन्त्र लेखापरीक्षकबाट औंल्याइएका विषयमा नगरसभाबाट अध्ययन, सुपरिवेक्षण र निगरानीको अभ्यासलाई व्यवस्थित गर्नु,

(घ) नगरसभा अन्तर्गत गठित लेखा समितिको भूमिका र कार्यसञ्चालन विधिलाई व्यवस्थित र प्रभावकारी बनाउनु ।

## परिच्छेद २
## समितिको कार्यक्षेत्र, गठन प्रक्रिया र पद रिक्त हुने अवस्था

### ४. लेखा समितिको गठन

(१) कार्यपालिकालाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, नगरपालिकाबाट भए गरेका आर्थिक पक्षसँग सम्बन्धित काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक राय सल्लाह तथा निर्देशन समेत दिन पाँच जना सदस्य रहेको लेखा समिति हुनेछ ।

(क) ऐनको दफा ७० को अधिनमा रही टीकापुर नगरपालिका, प्रदेश सभा अन्तर्गत नगरपालिकाको लेखा वित्त र तत् सम्बन्धी विषय हेर्ने एक समिति रहने छ,

(ख) कार्यपालिकामा नरहेका नगरसभा सदस्यहरू मध्येबाट सभाले तोकेको १ जना संयोजक र कम्तीमा २ जना महिला सदस्य सहित ५ जनाको समिति रहने छ,

(ग) समिति गठन गर्दा सभाका सदस्यहरूको सार्वजनिक वित्त व्यवस्थापन विषयको जानकारी, अनुभव तथा समितिमा रहेर कार्य गर्ने चाहनालाई पनि आधार बनाउनु पर्नेछ,

(घ) समितिको बैठकमा समितिका संयोजकले नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ,

(ङ) समितिको पदावधि नगरसभाले अन्यथा निर्णय गरेमा बाहेक नगरसभा सदस्यको कार्यकालभर रहने छ ।

### ५. समितिको सचिवालय :

(१) समितिको सचिवालय निम्नानुसार व्यवस्थापन गरिने छ ।

(क) समितिको सचिवालय कार्यालयमा रहने छ,

(ख) कार्यपालिकामा कार्यरत लेखा अधिकृतले समितिको सदस्य सचिवका रुपमा कार्य गर्नेछन् ।

### ६. समितिको बैठक

(१) समितिको बैठक निम्नानुसार बस्नेछ ।

(क) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्ने छ तर महालेखा परीक्षकको प्रतिवेदन अध्ययन तथा सभामा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि संयोजकले थप बैठक पनि बोलाउन सक्नेछन्,

(ख) समितिको वार्षिक कार्ययोजना तथा बैठक सम्बन्धी तालिका सभाबाट अनुमोदन गराउनु पर्नेछ,

(ग) बैठकको समन्वय र व्यवस्थापनको कार्य संयोजकले तोके अनुसार सदस्य सचिवले गर्नेछन् ,

(घ) सभाबाट पूर्व स्वीकृत तालिका अनुसार बसेको समितिको बैठकको बैठक भत्ता कार्यपालिका बैठकमा कार्यपालिका सदस्यले प्राप्त गर्ने बैठक भत्ता बमोजिम हुनेछ ।

**७. संयोजक र सदस्यको पद रिक्त हुने अवस्थाः**

(१) समितिका संयोजक र सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः

(क) सभाको सदस्य नरहेमा,

(ख) राजिनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) कुनै सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेको छैन भनी कुनै सदस्य उपर प्रश्न उठी सभाले हेरफेरको निर्णय गरेमा,

(ङ) नैतिक पतन हुने फौजदारी प्रकृतिको अपराधमा कसुर प्रमाणित भएमा ।

## परिच्छेद ३
## लेखा समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

**८. लेखा समितिको कार्यक्षेत्र**

(१) नगरसभा अन्तर्गत गठन हुने लेखा समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको सार्वजनिक लेखा र वित्त सम्बन्धी विषय,

(ख) नगरपालिकाको बजेट तथा योजना कार्यान्वयन सन्दर्भमा गरिने सार्वजनिक खरिदका विषय,

(ग) नगरपालिकाको राजश्व,

(घ) महालेखा परीक्षकको प्रतिवेदन र बेरुजु ।

**९. समितिको काम कर्तव्य र अधिकार :**

(१) लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) महालेखा परीक्षकको प्रतिवेदन अध्ययन गरी सो मा औंल्याइएका सैद्धान्तिक र लगती बेरुजु (असुल उपर), तिनको कारण सन्दर्भमा बेरुजुसँग सम्बन्धित पक्षसँग छलफल गर्ने,

(ख) लेखापरीक्षण प्रदिवेदनमा औंल्याइएका कमी-कमजोरी सुधार गर्न तथा कायम भएका बेरुजुलाई नियमित गर्ने प्रक्रिया पूरा गर्ने वा असुली गर्ने सम्बन्धमा सुझाव तथा निर्देशन दिने,

(ग) बेरुजु फछ्र्यौटका सन्दर्भमा कार्यपालिका, विषयगत समिति तथा शाखासँग छलफल गर्ने तथा आवश्यक नीति निर्देशन दिने,

(घ) बेरुजु फछ्र्यौटका लागि महालेखा परीक्षकले दिएका सुझाव अनुसारको कार्य गराउन र सम्परीक्षण मार्फत समयमा बेरुजु फछ्र्यौट गर्ने सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ङ) वार्षिक बजेटले अनुमान गरे बमोजिम त्रैमासिक रुपमा लक्ष्य अनुसार स्रोत प्राप्ति र खर्चको प्रगती भए वा नभएको अध्ययन गरी कार्यपालिका, सम्बन्धित समिति तथा शाखालाई सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने,

(च) नगरपालिकाको लेखा र प्रतिवेदन प्रणालीमा आवश्यक सुधार तथा वित्तीय अनुशासन र पारदर्शिता प्रबर्द्धनका सन्दर्भमा सम्बन्धित पक्षसँग छलफल तथा नीति निर्देशन दिने,

(छ) लेखा समितिको बैठकमा कार्यपालिका, विषयगत समिति तथा शाखाका तर्फबाट गरिएका प्रतिवद्धता कार्यान्वयनको लेखाजोखा गर्ने,

(ज) नगरपालिका र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति, कानुन र कार्यविधि परिपालनाको मुल्यांकन गरी नगर कार्यपालिकालाई आवश्यक निर्देशन दिने,

(झ) नगरपालिका र अन्तर्गतका निकायको राजश्व र व्ययको नीति र अभ्यासको लेखाजोखा गरी सुधारका लागि आवश्यक निर्देशन दिने,

(ञ) नेपाल सरकार र प्रदेश सरकारले नगरपालिकालाई उपलब्ध गराउने समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान वापतको रकम निर्धारित शर्त तथा प्राथमिकता अनुसार खर्च भए वा नभएको मुल्यांकन गरी आवश्यक निर्देशन दिने,

(ट) आर्थिक ऐन निर्माण र कार्यान्वयनका क्रममा राजश्व परामर्श समितिको प्रतिवेदन तथा राजश्व नीति पालना भए वा नभएको मुल्यांकन गरी आवश्यक निर्देशन दिने ,

(ठ) सार्वजनिक खर्च गर्ने क्रममा सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐन, विनियोजन ऐन र अन्य प्रचलित कानुन प्रावधान कार्यान्वयन भए नभएको मुल्यांकन गरी आवश्यक राय सुझाव दिने,

(ड) सार्वजनिक लेखा सम्बन्धी कानुन बनाउँदा नेपालको संविधान, संघीय र प्रादेशिक कानुन र नगरपालिकाको प्रचलित कानुन पालना भए वा नभएको मुल्यांकन गरी आवश्यक राय सुझाव दिने,

(ढ) नगरपालिकाको स्वामित्वमा रहेका तथा नगर क्षेत्रभित्रका अन्य सार्वजनिक सम्पत्तीको उचित रेखदेख र संरक्षण भए वा नभएको मुल्यांकन गरी आवश्यक निर्देशन दिने,

(ण) आम्दानी र खर्चका क्रममा वित्तीय अनुशासन कायम गर्न, वित्तीय जोखिम न्यूनिकरण गर्ने तथा कमजोरी गर्न तथा दोहोरिन नदिन आवश्यक सुपरिवेक्षण र दण्ड सजायको प्रबन्ध गर्न आवश्यक निर्देशन दिने ,

(त) पारदर्शिता र जवाफदेहिताका लागि नगरपालिकाले अवलम्बन गरेका सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यको प्रभावकारिता मुल्यांकन र आवश्यक नीति दिर्नेशन दिने,

(थ) आफुले गरेका कार्य तथा ठम्याईहरूको वार्षिक प्रतिवेदन बनाई नगर सभामा पेश गर्ने ।

**१०. विवरण लिन सक्नेः**

(१) समितिले आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा कार्यपालिका वा अन्तर्गतका निकायबाट सम्पादन भएका कामको प्रगति विवरण माग गरी लिन सक्नेछ ।

(२) यस दफा बमोजिम माग गर्दा समितिका संयोजकको निर्देशनमा सचिवले विवरणको लागि आवश्यक ढाँचा तयारी तथा विवरण संकलनको समन्वय गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरिएको विवरण समितिलाई उपलब्ध गराउने सम्बन्धित निकायको दायित्व हुनेछ ।

(४) उपदफा (२) बमोजिम माग गरिएको विवरण अध्ययनका आधारमा कुनै कार्य गर्नुपर्ने देखिएमा समयावधि तोकी सो कार्यका लागि समितिले निर्देशन दिन सक्नेछ ।

## परिच्छेद ४
## लेखा समितिको आचार संहिता

**११. लेखा समितिको आचार संहिता**

(१) लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिताहरू निम्नानुसार रहनेछ ।

(क) आफ्नो कामको शिलशिलामा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र प्रचलित अन्य कानुनका प्रावधानको पूर्ण पालना गर्ने,

(ख) समितिले गरिरहेका अध्ययन तथा महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका विषयमा समितिको निस्कर्ष विपरित व्यक्तिगत वक्तव्यबाजी नगर्ने,

(ग) वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता प्रबर्द्धनको जिम्मेवारी अनुरुप समितिको काम कारवाहीलाई सहभागितामूलक, स्वच्छ र पारदर्शी बनाउने,

(ङ) दलीय आवद्धताका आधारमा कुनै पनि आग्रह वा पूर्वाग्रह नराखी आफ्नो जिम्मेवारी निर्वाह गर्ने ।

## परिच्छेद ५
## विविध

**१२. प्रचलित कानुन बमोजिम हुने:**

यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुनेछ र यसमा उल्लेख नभएको विषयका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउ :**

यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१४. संशोधन तथा खारेजी:**

यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा सभा वा सभाको अनुमतिका आधारमा कार्यपालिकाले गर्न सक्नेछ ।

**१५. बचाउ:**

यो नियमावली जारी हुनु पूर्व लेखा समितिबाट भए गरेका गतिविधि यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिको कार्यालय

स्थानीय राजपत्र